त्रिभुवन विश्वविद्यालय
Tribhuvan University

Ph. No. +977-014244047

# त्रि–चन्द्र बहुमुखी क्याम्पस
# Tri-Chandra Multiple Campus

स्थापित : १९७५ वि.सं./Estd. 1918 A.D.

क्याम्पस प्रमुखको कार्यालय
Office of the Campus Chief

सरस्वती सदन, घण्टाघर, काठमाडौं, नेपाल
Saraswati Sadan, Ghantaghar, Kathmandu, Nepal

पत्र संख्या/Ref. No. :- ................

मिति : २०८१।०५।१२

## शुभकामना

नेपालको उच्च शिक्षाको जगका रुपमा रहेको पहिलो कलेज, त्रि-चन्द्र क्याम्पसले यही भाद्र १२ गतेदेखि आफ्नो स्थापनाको एक सय छ वर्ष पूरा गरेको छ । वि.सं. १९७५ सालमा राजा त्रिभुवन तथा प्रधानमन्त्री चन्द्रशमशेरका पालामा ' **त्रिभुवन-चन्द्र कलेज** ' का नामबाट स्थापित भएको यस क्याम्पसले, **एक सय छ वर्षको इतिहासमा** अनेकौं सुखदुःख बेहोरेको छ । यस शुभ अवसरमा विद्यार्थी, प्राध्यापक, कर्मचारी र अभिभावक वर्गमा समेत बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

यस क्याम्पसले विविध क्षेत्रका हजारौं जनशक्ति तयार पारी देशलाई अतुलनीय योगदान दिएको सर्वविदितै छ । प्रातः स्मरणीय शहीदहरु दशरथ चन्द, गंगालाल ; महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटककार बालकृष्ण सम आदिको अध्ययन, अध्यापन तथा सिर्जनास्थलका रुपमा परिचित, यो क्याम्पस आफैमा गौरवमय गाथा बोकेर उभिएको छ ।

आजको समयलाई चुनौती र अवसरका रुपमा स्वीकारेर यस क्याम्पसलाई मूलधार मै गतिशील बनाउनु आजको आवश्यकता हो । प्राज्ञिक, प्रशासनिक, आर्थिक तथा भौतिक रुपमा समेत चुस्तदुरुस्त भएर अघि बढन, क्याम्पस परिवार, त्रि.वि., शिक्षा मन्त्रालय तथा नेपाल सरकारको समेत सहयोग आवश्यक छ । सबैले आफ्नो -आफ्नो क्षेत्रबाट जिम्मेवारी पूरा गर्दै गयौं भने ; हाम्रो भविष्य उज्ज्वल हुने छ । युग अनुकुलको प्राज्ञिक थलोका रुपमा यस क्याम्पसको चौतर्फी विकास गर्ने महान् कार्यमा हामी सबैलाई सफलता प्राप्त होस् भन्ने कामना राख्दै पुनः सबैमा शुभकामना व्यक्त गर्दछु । सदा झैँ सबैबाट सहयोगको आशा र विश्वास राखेको छु । धन्यवाद ।

...............................
प्रा.डा नीलम श्रेष्ठ
क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस
सरस्वती सदन, काठमाडौं

क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस